परशुराम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

सूचना नं.:-

**रोजगार संयोजक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना।**

(प्रथम पटक प्रकाशित मितिः २०८०/०७/१२)

परशुराम नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार संयोजक १ (एक) (स्थानीय सेवाको छैटौं तह) पद खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ (पन्ध्र) दिनभित्र माँग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस नगरपालिकाको कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/२०८०/०८१ | रोजगार संयोजक | स्थानीय सेवाको छैटौं तह | १ जना |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभवः-**

क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,
ख. नेपाली नागरीकता भएको,
ग. दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,
घ. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको।
ङ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतमाबाट कसूरदार नठहरिएको।

२. **दरखास्त दिने स्थानः-** परशुराम नगरकार्यपालिकाको कार्यालय, रोजगार सेवा केन्द्र, सिद्धाथान।

३. **दरखास्त दिने अन्तिम मितिः-** २०८०/०८/०१ गते कार्यालय समय भित्र।

४. **आवेदनको दस्तुरः-** रु. १०००/- (एक हजार मात्र)।

५. **छनौटको किसिमः-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा।

६. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः-** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

क) नागरिकता
ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
ग) चारित्रिक प्रमाणपत्र
घ) तालिमको प्रमाणपत्र
ङ) अनुभव भए सोको कागजात
च) २ प्रति पासपोर्ट साइजको फोटो

**७.सेवा सुविधा तथा अन्यः-** स्थानीय तहमा रोजगार संयोजक "रोजगार संयोजकको पदपूर्ति र सेवा सूविधा सम्बन्धी मापदण्ड,२०७६" परिच्छेद-६ बमोजिम हुनेछ। (आवेदनको ढाँचा र रोजगार संयोजकको पदको कार्यविवरण, पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय(प्रधानमन्त्री रोजगार कार्यक्रम) को वेवसाईट https://pmep.gov.np/ तथा परशुराम नगरपालिकाको वेवसाईट https://parshurammun.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ।)

..................
कृष्ण देव जोशी
नि. प्रमुख प्रशासकीय अधिकृत

फोन : ०९६-४११००४, ईमेल : parshurammun@gmail.com, website : http://www.parshurammun.gov.np

CamScanner